नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्या: ०७७/७८
चलानी नं.: ६१

मिति :२०७७/०५/२८

विषय: लम्पी स्किन रोग सम्बन्धमा।

श्री स्थानीय तह (सवै)

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प.सं.:प.स्वा.म./२०७७/०७८ च.नं.१६ मिति २०७७/०४/२६ को लम्पी स्किन रोग सम्बन्धी पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी सोहि बमोजिम हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(पशु स्वास्थ्य महाशाखा)

प.सं.:प.स्वा.म./२०७७/०७८
च.नं: १६

फोन ०१-४२११४७८
फ्याक्स ०१-४२११४८०

मितिः २०७७।०४।२६

विषयः लम्पी स्किन रोग सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा यही असार महिनाको अन्तिम सातादेखि देशका विभिन्न स्थानमा गाईमा घाँटी, पुच्छर वरिपरिको भाग, पेट, थुन लगायत शरीरका विभिन्न भागहरूमा साना ठूला गिर्खाहरू देखिने तथा सुन्निने, उच्च ज्वरो आउने, कचेरा वा सिंगान बग्ने, मुखबाट फिंज निकाल्ने, दूध उत्पादन घट्ने लगायतका चिन्ह तथा लक्षण देखापरेको र ती रोग देखा परेको क्षेत्रका गाईहरूबाट लिइएको नमूना केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा परीक्षण गर्दा लम्पी स्किन डिजिज रोग निदान भएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

लम्पी स्किन रोग विशेषगरी गाईहरूमा र कहिलेकाहीं भैंसीहरूमा लामखुट्टे, टोक्ने झिंगा (स्टोमोक्सिस प्रजाति), किर्ना आदिको टोकाइबाट सर्ने पक्स भाइरस (विषाणु) समूहको लम्पी स्किन डिजिज भाइरसबाट लाग्ने रोग हो। यो रोग विश्व पशु स्वास्थ्य संगठन (OIE) लाई तत्काल सूचित गर्नु पर्ने रोग भएको हुँदा नेपालले सदस्य मुलुकको हैसियतमा यस रोगको अध्यावधिक अवस्था सम्बन्धमा नियमित रुपमा त्यस संगठनमा जानकारी गराउनु पर्ने हुन्छ।

नेपालमा यो रोगका कारण धेरै गाइभैंसीहरू बिरामी पर्ने, मर्न सक्ने तथा दूध उत्पादनमा समेत नकारात्मक असर पर्न सक्ने देखिन्छ। यस सन्दर्भमा रोग देखापरेको क्षेत्रमा संक्रमित गाइभैंसीको ओसारपसार नियन्त्रण गर्न, गोठ वरिपरिको वातावरण सफा राख्न, असल पशुपालन अभ्यास तथा असल भेटेरिनरी अभ्यासको पालन गर्न/गराउन, रोगको चिन्ह तथा लक्षण देखापरेमा छालामा देखिएको गिर्खा तथा रगतका नमूना संकलन गरी नजिकको पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा परीक्षणको लागि पठाउन, रोगको अवस्था सम्बन्धमा पशु सेवा विभागमा तत्काल जानकारी गराउन, रोगको लक्षणमा आधारित उपचार गर्न तथा थप प्राविधिक सहायता र पृष्ठपोषणका लागि पशु सेवा विभाग, हरिहरभवन, ललितपुर (फोन ०१-५५२२०५६, website: dls.gov.np, email: adicddls@gmail.com, vetepi@ntc.net.np) मा सम्पर्क गर्न सबै स्थानीय तहहरूलाई जानकारी गराइदिनहुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०७७।४।२६ को निर्णयानुसार अनुरोध छ।

डा. बरुण कुमार शर्मा
वरिष्ठ पशु चिकित्सक

**बोधार्थ**
श्री पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर।